२२६

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. २१०/२०७०/०७१

धनकुटा जिल्ला, कुरुले तेनुपा ५ हाल धनकुटा न.पा.५ तल्लो कोप्चे वस्ने नोदनाथ त्रिताल .....१ पुनरावेदक

**विरूद्ध**

गा.वि.स सचिव, धनकुटा जिल्ला, बेलहारा गा.वि.स ..........................................................१ विपक्षी

विषय :- कानून बमोजिम कारवाही गरी सूचना उपलब्ध गराई पाउँ ।

धनकुटा जिल्ला, कुरुले तेनुपा ५ हाल धनकुटा न.पा.५ तल्लो कोप्चे वस्ने नोदनाथ त्रितालले धनकुटा जिल्लाको बेलहारा गा.वि.स समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७०।१२।०९ मा फ्याक्स मार्फत पुनरावेदन गरेको र यस आयोगबाट मिति २०७१।१२।२७ को आदेश कार्यान्वयनको लागि यस आयोगको च.नं. ८२७, मिति २०७०।१२।२७ को पत्रबाट उक्त बेलहारा गा.वि.स. मा पठाइएको । साथै आयोगको उक्त आदेश पश्चात पनि कुनै सूचना नदिएको भनी निवेदकले मिति २०७१।०५।३० मा पुनः निवेदन गरेको । उक्त निवेदन पश्चात यस आयोगको मिति २०७१।०७।३०, च.नं. ५४१ को पत्रबाट आदेश कार्यान्वयनको लागि ताकेता पत्र पठाएकोमा उक्त पत्र प्राप्त भए पश्चात धनकुटा नगरपालिका (साविक वेलहारा गा.वि.स) कार्यालयको मिति २०७१।१२।५, च.नं.२६७ को पत्र मार्फत पुनरावेदकलाई प्राप्त भए सम्मका सूचना पुनरावेदकलाई उपलब्ध गराईएको पत्र आयोगमा प्राप्त हुन आएको । साविकमा सूचना माग गरिएको गा.वि.स. नै कायम नरहेको स्थिति समेतलाई मनन गर्दा निज पुनरावेदकले माग गरेको सूचना प्राप्त नगरेको अवस्था भएमा निजले सोही व्यहोराको निवेदन/पुनरावेदन गरेमा अग्रिम कारवाही गर्न सकिने नै हुँदा हाललाई यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्नू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७२ साल बैशाख १७ गते रोज ५ शुभम् ।